पोखरा विश्वविद्यालय

# सत्रौं दीक्षान्त समारोह

## स्वागत मन्तव्य


**सह-प्रा. डा. अजय थापा**

डीन

मानविकी तथा सामाजिक शास्त्र संकाय

**पोखरा-३०**

**कास्की, नेपाल**

## फागुन ०८, २०७८
## (February 20, 2022)

पोखरा विश्वविद्यालयको सत्रौं दीक्षान्त समारोहमा अध्यक्षता गरिरहनु भएका उपकुलपति प्रा. डा. प्रेम नारायण अर्यालज्यू,
यस समारोहका प्रमुख अतिथि प्रा.डा. शुरेशराज शर्माज्यू,
माननीय गण्डकी प्रदेश प्रमुख तथा माननीय मुख्यमन्त्रीज्यू,
विश्वविद्यालय अनुदान आयोगका अध्यक्षज्यू,
विभिन्न विश्वविद्यालयका उपकुलपतिज्यूहरू,
पोखरा विश्वविद्यालयका रजिष्ट्रारज्यू,
विश्वविद्यालयका प्राज्ञिक परिषद्का विद्वान प्राज्ञज्यूहरू,
पोखरा महानगरपालिकाका प्रमुख तथा उप-प्रमुखज्यू,
पोखरा विश्वविद्यालयका विद्वान सभासद्ज्यूहरू,
पोखरा विश्वविद्यालयका विभिन्न सङ्कायका डीनज्यूहरू,
पोखरा विश्वविद्यालयका परीक्षा नियन्त्रकज्यू,
विश्वविद्यालयका पूर्व पदाधिकारी तथा पूर्व सभासद्ज्यूहरू,
पोखरा विश्वविद्यालयका विभिन्न निकायका कार्यकारी निर्देशक तथा स्कूल निर्देशकहरू,
सम्बन्धनप्राप्त महाविद्यालयका प्राचार्यज्यूहरू,
पोखरा विश्वविद्यालय स्थापनाका लागि अनवरत क्रियाशील महानुभावहरू,
संघ-संस्थाका प्रमुखज्यूहरू,
विभिन्न राजनीतिक दलका नेताज्यूहरू,
नागरिक समाजका महानुभावहरू,
पत्रकार मित्रहरू,
शिक्षक एवम् कर्मचारी मित्रहरू,
विद्यार्थी भाइबहिनीहरू ।

पोखरा विश्वविद्यालयको सत्रौं दीक्षान्त समारोहको यो विशेष कार्यक्रममा विश्वविद्यालय परिवारका तर्फबाट यहाँहरू सबैलाई हार्दिक स्वागत गर्दछु । विशेष गरी यो समारोहमा पोखरा विश्वविद्यालयबाट उच्च अध्ययनका विभिन्न तह पार गरेका विभिन्न कार्यक्रमका विद्यार्थीहरूलाई दीक्षित गर्दै उनीहरूलाई हौसला, प्रेरणा र आत्मबल प्रदान गर्ने हेतुले अति कार्यव्यस्तताका बाबजूद आफ्नो महत्वपूर्ण र मूल्यवान समय दिइ पाल्नुभएका यस समारोहका प्रमुख अतिथिज्यू, प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू लगायत अन्य विशिष्ट अतिथिज्यूहरु, पत्रकारज्यूहरु र सम्पूर्ण महानुभावहरूलाई हार्दिक स्वागतका साथै धन्यवाद व्यक्त गर्दछु । आजको यस समारोहमा विश्वविद्यालयका उपकुलपतिज्यूबाट दीक्षित हुनुहुने विद्यार्थीहरूलाई उपाधिप्रदान गर्दै आफ्ना सारगर्भित विचार, मार्ग निर्देशन प्रस्तुत हुनेछन् ।

सर्वप्रथम कोभिड-१९ ले सिर्जना गरेको विषम एवम् असहज परिस्थिति र नेपाल सरकार गृहमन्त्रालय तथा स्थानीय प्रशासनको निर्देशन अनुसार दीक्षित हुने सम्पूर्ण विद्यार्थीहरूको नैसर्गिक अधिकारलाई समेट्न नसक्दाको पिडा आजको यस समारोहमा हामीले अत्यन्त दुःखका साथ व्यक्त गर्नुपरेको छ । यद्यपि

विश्वविद्यालयको सत्रौं दीक्षान्त समारोहमा भाग लिन बञ्चित हुनुहुने सम्पूर्ण विद्यार्थीहरूलाई केही राहत पुगोस् भनि विश्वविद्यालयले गरेको एकतहको व्यवस्थालाई मनन गर्दै सहज ढङग्ले विद्यार्थीहरू दीक्षित हुनेछन् भन्ने हामीले विश्वास लिएका छौं ।

**दीक्षित हुनुहुने विद्यार्थी भाइबहिनीहरू,**

आजको यो दीक्षान्त समारोहलाई नेपालका शैक्षिक शिरोभूषण, अग्रणी शिक्षाविद् एवम् प्रसिद्ध शैक्षिक चिन्तन तथा सफल शैक्षिक प्रशासक प्रा.डा. सुरेशराज शर्माले प्रमुख अतिथिको रूपमा सम्बोधन गर्दै हुनुहुन्छ । एक जुझारू एवम् साहसिक व्यक्तित्वको रूपमा परिचित शिक्षासेवी डा. शर्माको जन्म वि.सं. १९९७ साल साउन ७ गते सिन्धुली जिल्लाको खुर्कोटमा भएको हो । हाल उहाँ बागमती प्रदेश अन्तर्गत रहेको काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा बसोबास गर्नुहुन्छ ।

वाल्यवस्थामा सिन्धुलीमै संस्कृत भाषामा प्राथमिक शिक्षा लिनुभएका डा. शर्माले सिन्धुलीबाटै ६ कक्षासम्मको शिक्षा लिनुभयो । त्यसपछि थप अध्ययनका लागि उहाँ वि.सं. २००८ मा भारतको शोनवर्सा जानुभयो । त्यहाँ १ वर्ष अध्ययन गरी वि.सं. २०१३ मा सरस्वती हाईस्कूल जनकपुरबाट विद्यालय तहको शिक्षा प्राप्त गर्नुभयो । उहाँले अमृत साइन्स कलेजबाट आइएस्सी र त्रि-चन्द्र कलेजबाट बिएस्सी उत्तीर्ण गर्नुभयो भने कोलम्बो प्लान छात्रवृत्रि अन्तर्गत भारतको कर्नाटक विश्वविद्यालयबाट रसायनशास्त्रमा एमएस्सी गर्नुभयो । त्यसपछि उहाँले त्रिचन्द्र कलेज र त्रिभुवन विश्वविद्यालयमा १० वर्ष प्राध्यापन गर्नुभयो । त्यसपछि उहाँले लण्डनको युनिभर्सिटी अफ साउथ व्याङ्कबाट वि.सं. २०३३ मा रसायनशास्त्रमा विद्यावारिधि गर्नुभयो ।

डा. सुरेशराज शर्मा वि.सं. २०४८ सालमा निजी स्रोत र साधनबाट सञ्चालित तथा नेपालको पहिलो सामुदायिक विश्वविद्यालयका रूपमा स्थापित काठमाडौं विश्वविद्यालयका संस्थापक उपकुलपति एवम् उक्त विश्वविद्यालयको संरक्षण समितिका अध्यक्ष हुनुहुन्छ । उहाँले प्राविधिक शिक्षा र व्यावसायिक तालिम परिषद् (CTEVT) को पहिलो कार्यकारी निर्देशक, राष्ट्रिय शिक्षा समितिमा सदस्य-सचिव, युनस्कोको लागि राष्ट्रिय आयोगको सदस्य, विज्ञान तथा प्रविधिसम्बन्धी सार्क प्राविधिक समितिका राष्ट्रिय प्रतिनिधिको रूपमा रहेर आफ्नो जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गर्नुभएको छ । राष्ट्रिय शिक्षा नीतिको तर्जुमा एवम् उपयुक्त मानव संसाधनहरू विकासमा समयसापेक्ष प्रविधिलाई समेट्दै नयाँ शैक्षिक पाठ्यक्रम निर्माण गरी लागू गर्न उहाँले महत्वपूर्ण भूमिका खेल्नुभएको छ । उहाँका थुप्रै पुस्तक, अनुसन्धानपत्र, लेख, पाठ्यक्रम, पाठ्यपुस्तक लगायतका पाठ्यसामाग्री प्रकाशित छन् । उहाँलाई वि.सं. २०७० मा नर्वेजियन युनिभर्सिटी अफ साइन्स एण्ड टेक्नोलोजीबाट मानार्थ विद्यावारिधि प्रदान गरिएको थियो । उहाँले महेन्द्र विद्याभूषण, प्रसिद्ध प्रबल गोरखादक्षिणबाहु, कीर्तिमय राष्ट्रदिप पदकहरू एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट विभिन्न पदक तथा पुरस्कार प्राप्त गर्नुभएको छ । उहाँ नेपालका साठीवटा गैरसरकारी संस्थाहरूबाट एकैसाथ जनस्तरीय सम्मान प्राप्त गर्नुभएका व्यक्तित्व हुनुहुन्छ ।

यस्ता मुर्धन्य विलक्षण प्रतिभाको रूपमा रहनुभएका डा. सुरेशराज शर्माबाट आजको यस गरिमामय समारोहको प्रमुख अतिथिको रूपमा महत्वपूर्ण सम्बोधन हुनेमा हामी आशावादी छौं । देशको शिक्षा क्षेत्रको परिदृष्यलाई बदल्दै विश्वविद्यालय शिक्षालाई आधुनिकीकरणतर्फ उन्मुख गर्न सक्षम र सफल उहाँजस्ता उत्कृष्ट योजनाविद् एवम् दूरदर्शी शिक्षाविद्लाई पोखरा विश्वविद्यालयको सत्रौं दीक्षान्त समारोहमा आमन्त्रित गर्न पाउँदा हामी अत्यन्त गौरवान्वित भएका छौं । आजको यो गरिमामय समारोहमा म उहाँलाई स्वागत गर्दछु ।

हामी पोखरा विश्वविद्यालय स्थापना भएको २५ औं वर्षमा छौं र विश्वविद्यालयले यस उपलक्ष्यमा विविध कार्यक्रम गरी रजतजयन्ती उत्सव मनाइरहेको छ । पर्यटकहरूको गन्तव्यस्थल, प्राकृतिक छटाहरूको अनुपम सङ्गमस्थल अनि कवि शिरोमणि लेखनाथ पौडेलको जन्मभूमि एवम् कर्मभूमिमा स्थापित पोखरा विश्वविद्यालयको स्थापना, विकास र सम्बर्द्धनमा निरन्तर जुट्ने, सद्भाव राख्ने र चिन्तन गर्नुहुने सम्पूर्ण पेशा, क्षेत्र, तह र तप्कासँग आबद्ध महानुभावलाई आजको यस पवित्र घडिमा स्मरण र स्वागत गर्दै हार्दिक धन्यवाद् दिन चाहन्छु । यसका साथै विश्वविद्यालयको प्राज्ञिक, शैक्षिक एवम् भौतिक निर्माणमा निरन्तर सहयोग गर्ने नेपाल सरकार, विश्वविद्यालय अनुदान आयोग र दातृराष्ट्र तथा दातृ निकायलाई पनि आजको यस विशिष्ट पावन अवसरमा स्मरण गर्दै हार्दिक धन्यवाद् व्यक्त गर्दछु ।

विश्वविद्यालयले उत्पादन गरेका जनशक्ति राष्ट्रको पुर्नसंरचना र पुर्ननिर्माणका लागि महत्वपूर्ण स्रोत हुन् । विश्वविद्यालयबाट ज्ञान आर्जन गरी आफ्नो सुनौलो भविश्य, समाज र राष्ट्रको लागि समेत दक्ष र सक्षम हुँदै स्वदेश तथा विदेशमा पोखरा विश्वविद्यालयको अमिट छाप, छवि पहिचान गराउन सफल विद्यार्थी भाइबहिनीहरूलाई पनि आजको यो गरिमामय समारोहमा स्मरण गर्दै हार्दिक धन्यवाद् दिन चाहन्छु ।

**दीक्षित हुनुहुने विद्यार्थी भाइबहिनीहरू,**

पोखरा विश्वविद्यालय नेपालको गण्डकी प्रदेशको मात्र नभई उच्चशिक्षामा विशिष्टिकृत पहिचान दिँदै आएको मुलुकको एउटा महत्वपूर्ण शैक्षिक धरोहर हो । यसले प्रस्तुत गरेका नीति तथा कार्यक्रमहरू परिवर्तनमुखी, बहुआयामिक र समयसापेक्ष छन् । मुलुकको सर्वाङ्गिण विकासका लागि आवश्यक पर्ने विविध ज्ञान र सीपयुक्त दक्ष जनशक्तिको आपूर्तिलाई यसले सहज तुल्याएको छ । यो विश्वविद्यालयले सञ्चालन गरेका शैक्षिक कार्यक्रमहरू स्तरीय, रोजगारमुखी, बजारोन्मुख, उत्पादनमुखी र व्यवसायिक किसिमका छन् । यी कार्यक्रमहरू समयसापेक्ष, युग सुहाउदो र जनअपेक्षालाई सम्बोधन गर्ने प्रकृतिका छन् । पोखरा विश्वविद्यालयले उत्पादन गरेका जनशक्ति मुलुकको प्रशासकिय क्षेत्रका साथै व्यापार, व्यवसाय, उद्योगधन्दा एवम् ख्यातिप्राप्त स्वदेशी एवम् वैदेशिक संघ-संस्थामा विशिष्ट महत्वपूर्ण पद र ओहोदामा बसी कुशलतापूर्वक आफ्नो विद्वता र विश्वविद्यालयको परिचय दिन सफल भएका छन् । यस परिदृष्यले विश्वविद्यालयको छवि, गरिमा र प्रतिष्ठालाई अझ बढी उचो राख्न मद्दत पुगेको हामीले महशूस गरेका छौं । यसर्थ आजको यस पावन घडिमा विश्वविद्यालयबाट स्नातकतह, स्नातकोत्तरतह, एमफिलतह र विद्यावारिधितहका विविध विधामा उत्कृष्ट नतिजा ल्याई तहपार गर्नुहुने तपाईं विद्यार्थी भाइबहिनीहरूको यस जमघटमा शिर उचो बनाएर सम्बोधन गर्न पाउँदा मलाई निकै गर्व लागेको छ ।

पोखरा विश्वविद्यालयले विगतमा कमाएको ख्याति र यसले उत्पादन गरेको जनशक्तिको विज्ञतामा कमी नआओस् भन्ने हेतु राखी यसले आफ्ना शैक्षिक कार्यक्रमहरूको स्तरोन्नति गर्ने, नयाँ कार्यक्रम थप तथा विस्तार गर्ने कार्यलाई जोड दिँदै आएको छ । पठनपाठन, परीक्षा सञ्चालन र परीक्षाफल प्रकाशनलाई नियमित, त्रुटिरहित, चुस्त र मर्यादित तुल्याउनका लागि विश्वविद्यालयले हरसम्भव प्रयासहरू गरिरहेको छ । यसका साथै दैनिक प्रशासनिक एवम् प्राज्ञिक कार्यहरूलाई छिटो, छरितो र चुस्त बनाउन ऐन, नियमबमोजिम विभिन्न रणनीति तथा कार्यविधि बनाई गुणस्तरीय शिक्षा र सेवालाई प्रभावकारी तुल्याइने प्रयास गरिएको छ । विश्वविद्यालयका सम्बन्धनप्राप्त कलेजहरूको स्तरोन्नति गर्नु, अन्तर्राष्ट्रिय सम्बन्धलाई लक्ष्यमुखी तुल्याउनु, भौतिक एवम् शैक्षिक पूर्वाधारको द्रुततर विकास गर्नु विश्वविद्यालयका प्राथमिकतामा रहेका कार्यहरू हुन् ।

यिनै पवित्रतम् कार्यअनुरूप हामीले १०० बेड क्षमताको पोखरा विश्वविद्यालय शिक्षण अस्पताल सञ्चालन र निर्माणको प्रक्रियालाई अगाडि बढाएको छ । सर्वसुलभ र गुणस्तरीय उच्चशिक्षाका लागि चाहिने भौतिक एवम् शैक्षिक पूर्वाधारको स्तरोन्नति गर्ने कार्यलाई चरणबद्ध रूपमा सार्वजनिक खरिद ऐन नियमावलीबमोजिम अगाडि बढाइएको छ । उत्कृष्ट र सम्मानित संस्था निर्माणका लागि नयाँ नयाँ कार्यक्रमका साथ हामी हिड्ने होइन दौडनुपर्छ भन्ने मान्यतामा हामी कटिबद्ध छौं । तथापि विश्वविद्यालयका लक्षित कार्यक्रमहरूको सफल कार्यान्वयन र सञ्चालनका लागि हामीलाई केन्द्र सरकार, प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय बासी, समाजसेवी लगायत विभिन्न पेशा र क्षेत्रसँग आबद्ध महानुभावहरूको साथ र सहयोगको खाँचो निरन्तर रूपमा खट्कि रहेको हामीले महसूस गरेका छौं । विश्वविद्यालयमा कार्यरत शिक्षक, कर्मचारी, पदाधिकारी लगायत अध्ययरत विद्यार्थीहरू एकजुट भएर विश्वविद्यालयको भविष्य निर्माणमा जुटेमा हामीले रोजेको खोजेको विश्वविद्यालय निर्माण गर्न सक्षम हुनेछौ भन्ने सन्देश यस गरिमामय समारोहमार्फत सम्प्रेषण गर्न चाहन्छु ।

**आज प्रमाणपत्र लिनुहुने विद्यार्थी भाइबहिनीहरू,**

विश्वविद्यालयले आर्थिक एवम् सामाजिक रुपले पिछडिएका वर्ग र क्षेत्रका विद्यार्थीहरुको उच्च शिक्षामा पहुँच अभिवृद्धिका लागि राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गराई वर्षेनी ठूलो सङ्ख्यामा छात्रवृत्ति प्रदान गर्दै आएको छ । आर्थिक वर्ष २०७७/७८ मा स्नातक तहमा ८११ जना र स्नातकोत्तर तह तथा एमफिल तहमा १४६ गरी कुल ९५७ जना विद्यार्थीहरुलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराइएको छ । यस वर्ष विश्वविद्यालयले विभिन्न कार्यक्रममा कुल १,१७६ जना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दैछ । मुलुकको शैक्षिक उन्नयनका लागि यसले महत्वपूर्ण टेवा मिलेको हामीले महसूस गरेका छौं ।

पोखरा विश्वविद्यालयले आफ्ना ६६ वटा महाविद्यालयहरु मार्फत विभिन्न प्राविधिक एवम् साधारण विषयमा स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधितहमा पठन पाठन गर्दै आएको छ । हाल विश्वविद्यालयमा ६३ वटा कार्यक्रमहरु संचालनमा छन् भने ती कार्यक्रमअन्तर्गत ३४,१५१ हजार विद्यार्थी अध्ययरत रहेको जानकारी गराउँछु । आज भइरहेको सत्रौं दीक्षान्त समारोहमा २०७५ चैत्र २० गतेपछि २०७८ साल फागुन महिनाको १ गतेसम्म ट्रान्स्क्रिप्ट लिएका विभिन्न शैक्षिक कार्यक्रमका तहपार गरेका ११,२६७ जना विद्यार्थीहरु दिक्षित हुन लागेको समेत जानकारी गराउँछु ।

पोखरा विश्वविद्यालयले यस वर्ष विद्यावारिधितहमा तीन जना विद्यार्थीलाई कुलपति पदक प्रदान गर्दैछ । यसका साथै स्नातकतहका विभिन्न कार्यक्रममा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने आठ जना विद्यार्थीलाई उप-कुलपति पदक र स्नातकोत्तरतहका विभिन्न कार्यक्रममा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने चौध जना विद्यार्थीहरुलाई कुलपति पदक प्रदान गर्दैछ । विभिन्न विधाका ९३१ जना विद्यार्थीहरु डीन लिष्टको उपाधिबाट सम्मानित हुँदैछन् । ती पदकहरु प्राप्त गर्ने र उपाधिबाट सम्मानित हुने विद्यार्थीहरुलाई हार्दिक बधाई दिन चाहन्छु । पोखरा विश्वविद्यालयको विज्ञान तथा प्रविधि संकायको स्नातक तहमा सर्वोत्कृष्ट नतीजा हासिल गर्ने तीन जना विद्यार्थीलाई प्रोत्साहन र सम्मान स्वरुप OCEM Gold Medal-2078 प्रदान गरिनेछ । विद्यार्थीहरूलाई उत्प्रेरित तुल्याउँदै उनीहरूको हौसला र आत्मवल उकास्ने ध्येयले गरिएको यस किसिमका व्यवस्थाका लागि लक्ष्मी हाउस पोखरा, अक्सफोर्ड कलेज अफ इन्जिनियरीङ्ग एण्ड म्यानेजमेन्ट, चितवनलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथसाथै यी सम्मान, पदक पाउने विद्यार्थीलाई यस अवसरमा बधाई दिन चाहन्छु ।

**आज उपाधि प्राप्त गर्नु हुने दिक्षित विद्यार्थी भाइबहिनीहरु,**

शिक्षा सैद्धान्तिक तथा व्यावहारिक ज्ञान तथा सीप सिक्ने तथा सिकाउने एक महत्वपूर्ण माध्यम हो । यसले मानिसलाई नैतिकवान, अनुशासित र सिर्जनशील तुल्याउँछ । शिष्ट र सरल तुल्याउँछ । आदरभाव र सत्कार सिकाउँछ । मानवलाई मानव बनाउने साधन नै शिक्षा हो । शिक्षाले सभ्य समाजको निर्माण गरी देशलाई विकास र प्रगतितर्फ उन्मुख गराउँछ । यसर्थ शिक्षित दक्ष जनशक्तिको अभावमा देशले लक्ष्यित प्रगति हासिल गर्न सक्दैन । तसर्थ तपाई विद्यार्थी भाई बहिनीहरूले देशमा आमूल परिवर्तनका लागि अझ धेरै ज्ञान लिनु आवश्यक छ । तपाईहरूले आफ्नो चरित्र निर्माण, प्रतिष्ठा र इज्जतका लागि धेरै सीपहरू सिक्नु बाँकी छ । तपाईहरू यो राष्ट्रका गहना र अमूल्य रत्न हो । आफ्नो कर्तव्यपथमा डगमगाउनु हुने छैन र निर्वाध रूपले स्वत-स्फूर्त रूपमा राष्ट्र निर्माण र परिवर्तनको संवाहकको रूपमा तपाईले आज शपथ लिनुपर्छ भन्ने मैले ठानेको छु ।

मुलुकप्रति ईमान्दार अविचलित भई दत्तचित्त भएर आफ्नो कर्तव्य पुरा गर्नेछु भनेर तपाईहरुले आज सपथ लिंदै हुनुहुन्छ । यो तपाईको जीवनको विशिष्ट समय हो, अविश्मरणीय क्षण हो । स्कार्फ र गाउनमा एकतहको उपाधिबाट आँफू दीक्षित हुँदैछु भन्ने भावले तपाईहरू आज आभूषित भई निकै आनन्दित र प्रफुल्तित मुद्रामा उपस्थित हुनुहुन्छ भन्ने मैले अनुभव गरेको छु । यस अवसरमा तपाईंहरूले आर्जन गर्नुभएको ज्ञान र सीपलाई प्रतिफलयुक्त तवरले देश र समाजको विकास तथा परिवर्तनका लागि प्रयोग र उपयोग गर्न दृढ संकल्पित हुँदै अगाडि बढ्नु हुनेछ भन्ने आशा समेत लिएको छु । यसका साथै नैतिक एवम् चरित्रवान्, सभ्य एवम् शिक्षित हुनुको भाव दर्शाउँदै तपाईंहरूले आर्जन गरेको शिक्षालाई आ-आफ्नो कार्यक्षेत्रमा गई पेशागत मूल्य र मान्यताका साथ इमान्दारीपूर्वक मानव कल्याण र देश विकासमा अधिकतम् खर्चिनु हुनेछ भन्ने आशा एवम् विश्वास समेत लिएको छु । आजको यस शुभ घडिमा तपाईंहरूलाई तपाईंहरूले आर्जित ज्ञान र सीप देशको चौतर्फी विकास, आफ्नो सुन्दर र फलिभूत भविष्य निर्माण गर्ने काममा सदुपयोग गर्न सफलता मिलोस् भन्ने शुभ-कामना सहित हार्दिकतापूर्वक बधाई दिन चाहन्छु ।

अन्त्यमा आज दीक्षित हुनुहुने सम्पूर्ण विद्यार्थी भाइबहिनीहरु र उहाँहरुका अभिभावकज्यूहरुलाई सत्रौं दीक्षान्त समारोहको पुनित अवसरमा पुनः हार्दिक बधाई दिंदै यस गरिमामय समारोहमा उपस्थित हुनुहुने प्रमुख अतिथिज्यू, प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू लगायत अन्य विशिष्ट अतिथि, पत्रकार र सम्पूर्ण महानुभावहरूलाई पोखरा विश्वविद्यालय परिवार र स्वयम्का तर्फबाट फेरि एक पटक हार्दिक स्वागत तथा धन्यवाद् ज्ञापन गर्दछु । धन्यवाद् ।

२०७८ फागुन ८ गते आइतबार